मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा, नेपाल

## निर्णयहरू:

१. गण्डकी प्रदेश सरकार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको प्रदेश सचिव पदमा कामकाज गर्ने गरी खटिई आउनु भएका प्रदेश सचिव श्री राम कुमार श्रेष्ठलाई हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो।

२. वेबसाइट नबनाएका नयाँ मन्त्रालयले यथाशीघ्र वेबसाइट बनाउने र सबै मन्त्रालयले आफ्नो वेबसाइट नियमित अद्यावधिक गर्ने।

३. चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्न बाँकी मन्त्रालयहरूले यथाशीघ्र स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले "विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम" लाई आफ्नो चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजनामा समावेश गर्ने।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

निर्णयहरूः

१. गण्डकी प्रदेश सरकार गठन भएको १०० औं दिन पूरा भएको अवसरमा भएका मुख्यमुख्य उपलब्धि समेटि "प्रदेश सरकारका १०० दिन" विवरण सार्वजनिक गर्ने प्रयोजनको लागि सबै मन्त्रालयले यस अवधिमा गरेका प्रमुख कार्यहरूको विवरण यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२. नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कार्य विस्तृतिकरणमा नेपाल सरकारबाट राय माग भएको विषयमा सबै मन्त्रालयले आफ्नो कर्यक्षेत्रसँग सम्बन्धित विषयमा यथाशीघ्र राय उपलब्ध गराउने।

प्रमुख सचिव